**बैठक संख्याः २३   मितिः २०८०/१०/२८ गते, आइतबार   समयः बिहान १०:०० बजे**

**निर्णयहरु:-**

- अध्यागमन सम्बन्धमा रहेको विद्यमान ऐन, नियममा समयानुसार परिमार्जन गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।
- Visit Visa लगायतको नाममा भइरहेको मानव तस्करी तथा Visit visa प्रकरणमा देखिएको समस्या समाधान गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।
- बुद्ध जन्मस्थल लुम्बिनी लगायतका विभिन्न स्थानमा ध्यान गर्न नेपाल आउने अन्तराष्ट्रिय बौद्ध भिक्षुहरुलाई श्रम Visa दिनुभन्दा ऐन, नियममा परिमार्जन गरी अन्य व्यवस्था गर्नका लागि नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल लगायतका ठाउँमा अध्यागमनलाई सरल र सहज बनाउन आवश्यक पहल गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।
- सडकमा हिड्ने बटुवालाई अनावश्यक दु:ख दिने तथा सहरको सभ्यतामाथि खलल पुन्याउने तेस्रो लिङ्गी तथा अन्य सडक मगन्तेहरुको उचित व्यवस्थापन गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।
- खुला सीमानामा सुरक्षा व्यवस्था कडा बनाउन नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अध्यागमनमा देखिएको अपुग जनशक्ति व्यवस्थापन गर्न नेपाल सरकार, गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।
- राष्ट्रिय सुरक्षा नीति समयानुकुल परिमार्जन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन दिने ।
- सीमा व्यवस्थापन तथा सञ्चालन ऐन बनाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन दिने ।
- विश्वव्यापी प्रचलनलाई ध्यान दिदै अन्तराष्ट्रिय मापदण्ड अनुसार अध्यागमन कार्यालयलाई व्यवस्थित बनाउन नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिने ।